"स्वाभीमानी किसान समृद्ध महासंघ"

राष्ट्रिय कृषक समूह महासंघ, नेपाल

**National Farmer Group Federation, Nepal**

# वार्षिक संगालो

(२०७२–७३)

**(तेश्रो सामाजिक लेखाजोखाको अवसरमा प्रकाशित)**

**प्रकाशक**

राष्ट्रिय कृषक समूह महासंघ, नेपाल,
राष्ट्रिय सचिवालय
पो व नं : ७०६४
इमेल : info@nfgf.org.np
वेब साईट : www.nfgf.org.np
सम्पर्क नम्वर : ०१ ४३५६२०१, ०१ ४३६१३२७

# हार्दिक आभार

जनतामा आधारित नागरीक समूहहरुको अगुवाई गर्ने सामाजिक संघ, संस्थाहरुको हकमा विधानतः ब्यवस्था भए बमोजिम वार्षिक रुपमा गरिदै आएको परिषद भन्दा केही फरक ढांचामा संस्थासंग सम्बन्धित आन्तरिक तथा बाह्य सहकर्मी, साझेदार एवं सरोकारवालाहरुको उपस्थितिमा संस्थाको संस्थागत, विकास पारदर्शिता, जवाफदेहिता, सुशासन लगायतका गतिबीधिहरुको यर्थाथ चित्र प्रश्तुत गर्ने, सहभागितामुलक मूल्यांकन गर्ने, सरोकारवालाहरुको बुझाईको साटासाट एवं सहयोग र सहकार्य बढाउनुका साथै आवश्यक सुझावहरु संकलन गरि तदनरुप कार्य गर्दै संस्थाको विश्वसनियतालाई अभिबृद्धि गराउने उदेश्यले हरेक वर्ष महासंघले सामाजिक लेखाजोखाको अभ्यास गर्दै आईरहेको छ ।

यसै सन्दर्भमा महासंघले आ.व. २०७२/७३ मा संचालन गरेका विभिन्न कृयाकलापहरु र त्यसबाट प्राप्त भएका उपलब्धिहरुको सार्वजनिकीकरण गरि संस्थागत उत्तरदायित्वलाई आत्मसात गर्ने प्रयास गरेको छ । यस पुस्तिकामा महासंघको दोश्रो सामाजिक लेखाजोखामा प्राप्त भएका सुझाव र त्यसको कार्यान्वयन अवस्थाको समेत चित्रण गरिएको छ ।

यस कार्यक्रमलाई सफल पार्नका लागि हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि, विशेष अतिथि, अतिथि ज्यूहरु, पत्रकार मित्रहरु एवं विभिन्न जिल्लाबाट पाल्नुभएका अभियानकर्मी साथीहरु लगाएत उपस्थित सम्पूर्ण सहभागिमा हार्दिक आभार प्रकट गर्दछु साथै यस कार्यक्रमलाई आर्थिक सहयोग गर्ने श्रोत साझेदार संस्था केएर नेपाललाई विशेष धन्यवाद दिन चाहान्छु ।

उद्धव अधिकारी

(अध्यक्ष)

# विषय सूचि


| | |
|---|---|
| १. पृष्ठभूमि | ५ |
| २. परिचय | ६ |
| ३. दोश्रो सामाजिक लेखाजोखाको संक्षेपिकरण | ७ |
| ४. श्रोत साझेदार संस्थाहरुसंगको सहकार्य (आ.व. २०७२–७३) | १० |
| ५. प्रगति समिक्षा | १२ |
| ५.क. अभियानगत प्रगति | १२ |
| ५.ख. आर्थिक प्रगति | २८ |
| ६. महासंघको क्षमता विश्लेषण तालिका | ३० |
| ७. सफलताको कथा | ३२ |

# १. पृष्ठभूमि

बिश्व मानचित्रमा रहको नेपाल कृषि प्रदान देश हो । देशको करिब दुइ तिहाइ जनताको पेशा कृषि भएर पनि देश आत्मनिर्भर रहन सकेको छैन । उत्पादनका लागि अत्यवश्यक मल, बिउ, प्रविधि, उपकरण लगायतका पूर्वाधारहरुमा देश आत्म निर्भर हुनुको सट्टा दिन प्रतिदिन पर निर्भर बन्दै गइरहेको छ । कृषिलाई सम्मानित पेशाको रुपमा स्थापित गराउन नसक्दा एकातिर युवा जनशक्ति बिदेश पलायन भएका छन भने अर्कोतिर कृषि क्षेत्र महिला तथा बृद्ध बृद्धाहरुको काधम पुगेको छ । फलस्वरुप उत्पादन योग्य जमिनहरु बांझो रहने र खरबौ रुपैयाको कृषि जन्य उत्पादनहरु आयात गर्नु पर्ने अवास्थामा पूर्याइनुमा दोषि के ? अथाहा सम्भावनाका विच पनि कृषि क्षेत्रको अवस्था झन् दयनीय बन्दै जानाले यसमा अहोरात्र खटिने कृषक बर्ग जति चिन्तित छन् त्यति चिन्तित यहाका जिम्मेवार निकायहरु हुन सकेका छैनन् ।

परम्परादेखि मुलुकको आर्थिक एवं सामाजिक उन्नति र समग्र विकासमा अत्यन्त महत्वपूर्ण एवं सम्वेदनशील स्थान ओगट्दै आएको कृषि क्षेत्रको संरक्षण, सम्बर्द्धन मार्फत राष्ट्र निर्माण गर्ने गहन जिम्मेवारी बोकेको कृषक राज्यको मूलधारमा आउन नसकेको सन्दर्भमा कृषकवर्ग र किसानको हक अधिकार प्राप्तिका लागि वहश पैरवी गर्न कृषकहरुलाई स्थानीय स्तरदेखि केन्द्रिय स्तरसम्म संगठित गराउंदै सेवा प्रदायक निकायहरुमा उनीहरुको पहुंच बृद्धि गरी दिगो तथा आत्मनिर्भरमुखी उत्पादन मार्फत राष्ट्रिय उत्पादकत्वमा टेवा पुर्याउने उदेश्यका साथ राज्य र कृषकहरुको सेतुको रुपमा कृषिप्रधान देशको मर्मलाई सार्थक बनाउनको लागि नेपाल सरकार मार्फत देशभरी गठन भई कृयाशिल रहेका कृषक समूहहरुको क्षमता विकास गर्नुका साथै सरकारी गैरसरकारी संघ संस्थाहरुसंग समन्वयात्मक रुपले विकास अभियानमा सरिक हुन राष्ट्रिय कृषक समूह महासंघ, नेपाल स्थापना गरीएको हो ।

# २. परिचय

कृषकहरुको छाता संगठनको रिक्तता महशुस भई सम्बन्धित निकायमा दर्ताभई देश भरी छरीएर रहेका कृयाशिल कृषक समूहहरु, पशु सेवा समुहहरु र कृषि सहकारीहरुलाई सदस्य मानी गा.वि.स., सेवा केन्द्र (ईलाका), जिल्ला, क्षेत्र हुदै राष्ट्रिय स्तरसम्मको संरचना रहने गरी राष्ट्रिय कृषक समूह महासंघ, नेपाल २०६८/५/२३ गते मध्यमांचल क्षेत्रिय कृषि निर्देशनालय हरिहर भवनमा कृषक समुहहरुको अगुवा प्रतीनिधीहरुको भेलाबाट गठन भएको यस महासंघ देशैभरी कार्यक्षेत्र रहने गरी २०६८ चैत्र १४ मा जि.प्र.का. काठमाडौंमा दर्ता भएको हो ।

महासंघले कृषि विकास र किसान अधिकारको लागि सम्बन्धित निकायमा पैरवी गर्दै अगाडि बढिरहेको छ । पारदर्शिता, सहभागितामूलक अनुगमन र संस्थागत उत्तरदायित्वलाई आत्मसात गर्दै महासंघले आफ्ना कार्यहरुको मूल्यांकन गराउने कार्यको थालनी गरेको छ । महासंघले वर्ष भरीमा गरेका कृयाकलापहरुलाई आन्तरिक एवं बाह्य सरोकारवालाहरु विच सार्वजनिकरण गरि प्राप्त सुझावको आधारमा प्रभावकारीता अभिबृद्धि गर्दै अगाडि बढ्नको लागि सामाजिक लेखाजोखा गर्दै आएको छ ।

सामाजिक लेखाजोखा मार्फत महासंघको नीति, नियम अन्तर्गत संचालित गतिविधि एवं त्यसको परिणाम र त्यसले लक्षित वर्गको जीवनमा पारेको प्रभावलाई आत्मसाथ गर्ने, वर्षभरि गरिएका अभियान र त्यसका श्रोतका साथै हासिल भएका उपलब्धि एवं सिकाईका बारेमा सहभागीहरु बीच अनुभव आदान-प्रदान गर्ने गरिएको छ । लेखाजोखामा आएका सुझाव एवं सल्लाहहरुलाई महासंघले मार्गनिर्देशनको रुपमा लिई कार्ययोजना बनाएर अघि बढिनेछ ।

# ३. दोश्रो सामाजिक लेखाजोखाको संक्षेपिकरण

भाद्र ११, २०७२ शुक्रवारको दिन विभिन्न सरकारी एवं गैरसरकारी  संघ संस्थाका प्रतिनीधिहरु, जिल्ला महासंघ प्रतिनीधिहरु, अगुवा कृषकहरु, पत्रकारहरु  लगाएत ५४ जनाको उपस्थितीमा दिनको ३:३० बाट काठमाण्डौको बबरमहल स्थीत सापफल्चामा सामाजिक लेखा जोखा कार्यक्रमको भएको थियो ।

महासंघका महासचिव श्री नवराज बस्नेतले कार्यक्रम संचालन गर्दै पारदर्शिता, जवाफदेहिता र संस्थाका गतीविधिहरुको मूल्यांकन गराउने अभिप्रायले यो लेखाजोखाको आयोजना गरिएको बताउनु भएको थियो । महासंघका उपाध्यक्ष श्री भक्त बहादुर बस्नेत द्वारा  अतिथिलाई स्वागत गरिएको उक्त कार्यक्रममा कृषि विकास मन्त्रालयका सचिव श्री उत्तम कुमार भटराई ज्यूको प्रमुख अतिथ्यता र महासंघका अध्यक्ष श्री उद्धव अधिकारी ज्यूको अध्यक्षतामा उक्त कार्यक्रम संचालन भएको थियो ।

### ३.क. सामाजिक लेखाजोखा संचालन तौरतरिका/विधि

- ग्यालरी अवलोकन
- विभिन्न जिल्लाका किसानहरुद्धारा आफ्ना भोगाईहरु प्रश्तुत
- वार्षिक गतिविधि प्रश्तुती
- महासंघको बारेमा तयार गरिएको श्रब्यदृश्य अवलोकन
- सरोकारवालाहरुबाट सुझाव ब्यक्त
- महासंघबाट प्रतिवद्धता ब्यक्त
- समापन

## ३.ख सुझाव, प्रतिबद्धता र प्रयास

| जिज्ञासा एवं सुझाव | प्रतिबद्धता | प्रयास |
|---|---|---|
| महासंघको तहगत संर चनाहरुको क्षमता विकासमा केन्द्रले के सो चाई बनाएको छ ? | तहगत सांगठनिक संर चनाको क्षमता विकासमा महासंघ लागि पर्ने छ । | सिकाई भ्रमण, सिकाई शिविर जस्ता गतिविधि, क्षमता विकास कार्यशाला आदिको माध्यमबाट क्षमता विकासमा प्रयास गरिएको छ । |
| सामाजिक लेखाजोखाको छलफलमा महासंघले पैरवि गरेका सवालहरु छायामा देखियो की ? | आगामि लेखाजोखाको वार्षिक संगालोमा सवागत पैरवीलाई प्राथमिकता दिईनेछ । | यस संगालोमा सवालगत पैरविलाई विशेष रुपमा प्राथमिकताको साथ र ाखिएको छ । (पेज न १४ उद्धेश्य ३ संग सम्बन्धित) |
| कृषि क्षेत्रको कार्यक्रमहरुको सदुपयो गको लागि महासंघले विशेष पहल गर्नु जरुरी छ । | कृषि क्षेत्रका कार्यक्रमहरु वास्तविक किसान विच पूर्‍याउन पहलकदमि र सदुपयोगको लागि खवर दारी हाम्रो अभियान हो । | ४०० समूहका १०००० किसानलाई सरकारी सेवा सुविधा, कृषिका नीति कार्यक्रम बारेमा सचेतिकरण गरि एको छ ।<br>नीति, कार्यक्रम,बजेट बारे नागरिक समिक्षा, किसान परिचय पत्र,कृषि ऋण,वाली पशुपंक्षि विमा, पेन्सन, समर्थन मूल्य, सरकारी कार्यक्रम एवं परियोजना लगायतका सवालहरु के न्द्रित गरिविधिहरु गरिएका छन् । |
| गा.वि.स.को १५ प्रतिशत बजेट कृषिमा कसरी लगानी गर्न सकिन्छ भन्ने विषयमा पैरवी गर्न जरुरी छ । | गा.वि.स.को १५ प्रतिशत बजेटका लागि निरन्तर पैर वी जारी रहनेछ । | कार्यविधिमा नै १५ प्रतिशत बजेटको व्यवस्थाको सुनिश्चितताको लागि पहल गरिएको । |

| | | |
|---|---|---|
| लेखाजोखामा समूहस्तरदेखि केन्द्रस्तरसम्म काम गर्ने तौर तरिका बारेमा बढि छलफल केन्द्रित गरि प्रकृयाको बारेमा सुझाव ग्रहण गर्ने थलोको रुपमा विकास गर्न सकेमा राम्रो हुन्छ । | आगामि लेखाजोखामा यहांहरुको सुझावहरुलाई सम्बोधन गर्ने प्रयास गरिनेछ । | समूह तह देखि केन्द्रिय तहसम्मका प्रतिनीधिहरुको अर्थपूर्ण सहभागिता गराई सहभागितामूलक पद्धति अवलम्बन गरिएको छ । |
| महासंघ स्थापनाको उदेश्यलाई सम्बन्धित सबै पदाधिकारी एवं सदस्यहरुले आत्मसाथ गरि संगठन परिचालन गर्न नसकेमा गन्तब्यमा पूग्न चुनौतीपूर्ण छ । | महासंघले विभिन्न नीति, नियमहरुको निर्माण गरि अभियानबारे संगठनका सबै तहहरुमा जानकारी गराउन प्रयात्न गरिने छ । | आवश्यक नीति, नियम, अनुशासन आचारसंहितको अनुशरण गर्दै महासंघको अभियानको बारेमा विभिन्न तहहरुमा हुने औपचारिक छलफलहरुमा बृहत बहस गरि बुझाईमा स्तरोन्नती गर्ने प्रयास गरि एको छ । |

# ४. श्रोत साझेदार संस्थाहरुसंगको सहकार्य आ.व. (२०७२–७३ )

## ४.क आ.व.२०७२–७३ मा संचालित साझेदारी कार्यक्रम :

**४.क.१ CARE Nepal :** महासंघको रणनीतिक उद्धेश्य प्राप्तिका लागि साना तथा सिमान्तकृत कृषकहरु बिशेषत महिला किसानहरुको सशक्तिकरण तथा खाद्य अधिकार मा पहुंच अभिबृद्धि गर्ने, जलवायु परिवर्तनवाट सिर्जित समस्याहरुसंग जुध्न समुदायसंग मिलेर अनुकुलनका लागि क्षमता अभिवृद्धि, कृषि प्रविधिहरुको परिक्षण तथा प्रर्वधनका प्रयासहरुमा समूदायलाई सहयोग पुऱ्याउने उद्धेश्यले केएर नेपालसंग ओखलढुङ्गा, सिर ाहा र उदयपुरमा नागरिक समाज संस्थाको सवलिकरण कार्यक्रम (खाद्य अधिकार परि योजना) सन २०१३–१९ कार्यन्वयनमा रहेको छ ।

**यस परियोजना मार्फत भएका उपलब्धिहरुको संक्षेपिकरण :**

- महासंघको संस्थागत क्षमता विकास
- सवालगत पैरवीहरुमा सहकार्य
- ३ जिल्ला, २७ गा.वि.स/न.पा., ४०० समूह (६१७५ महिला सहित ९७९१ जना किसान लाभान्वित)
- ३ जिल्ला र केन्द्रिय कार्यालयमा ब्यवस्थापन र मानवीय श्रोत
- किसानहरुको जिविकोपार्जनमा सहयोग
- काररखेती
- गा.वि.स स्तरीय खाद्य सुरक्षा एवं कृषि गुरुयोजना निर्माणमा सहयोग

**३.क.२ UNDP/LRP :** विशेष परिस्थितिमा किसानहरु माथि भूकम्पीय विपत्तिलाई न्यूनिकरण गर्नका लागि क्षतिग्रष्त कृषिसंग सम्बन्धित पूर्वाधारहरुको मर्मत संम्भार, पूननिर्माण, जीविकोपार्जनमा प्रत्यक्ष सहयोग पुर्याउने उद्देश्यले काभ्रे जिल्लाका ६ गा.वि.स.मा सामुदायिक पूर्वाधार पूननिर्माण तथा जीविकोपार्जन कार्यक्रम संचालन भएको थियो । उक्त कार्यक्रम १ जुलाई २०१५ देखि २९ फेरवरि २०१६ सम्म संचालनमा रहेको थियो ।

**यस कार्यक्रम मार्फत भएका उपलब्धिहरुको संक्षेपिकरण :**

**अ. पूननिर्माणमा सहयोग :** सिंचाइ कुलो ८ वटा , खानेपानी आयोजना १० वटा ,

सिंचाई पोखरी ६ वटा, सामुदायिक भवन १

**आ. जीविकोपार्जन कार्यक्रम :** २० वटा (माछा पालन सहयोग २ वटा, च्याउखेती ५ वटा, तरकारी विउ वितरण २ वटा, टनेल १ वटा, सामुदायिक विउ बैक तालिम १ वटा, विउ बैक स्थापना सहयोग ४ वटा, जुठेलो सुधार २ वटा, च्याउ तालिम ३ वटा )

**४.क.३ FIAN Nepal :** किसान संगठनको हैसियतले भूकम्पीय विपत्तिबाट श्रृजित विशेष परिस्थितिमा महासंघमा आवद्ध काठमाण्डौ २००, भक्तपूर ५०० र सिन्धुपाल्चोकका १००० गरि १७०० समूहहरुका ४२५०० किसानलाई खाद्यान्न समाग्री एवं गहुं, केराउको विउ सहयोग फियन नेपालसंगको साझेदारिमा सम्पन्न गरिएको थियो ।

**४.क.४ FAO/IUCN :** मकवानपुर जिल्लाको कांकडा र डांडाखर्क गा.वि.स.हरु रहेका जनजाति एवं चेपाङ समूदायका ६० घरधुरीमा FAO संगको संझौता र IUCN संगको सहकार्यमा वन तथा कृषि सहज कार्यक्रम (FFF) सम्पन्न भएको थियो । उक्त कार्यक्रम १८ मे २०१५ देखि १७ मे २०१६ सम्म संचालनमा रहेको थियो ।

**यस कार्यक्रम मार्फत भएका उपलब्धिहरुको संक्षेपिकरण :**

अ. सिमान्तकृत समूदाय चेपाङहरु जीविकोपार्जनमा टेवा पूर्‍याउनको लागि ४० किसानलाई बाखा र २० किसानलाई घारसहितको मौरी वितरण

आ. सम्बन्धित निकायहरुसंगको सहकार्यमा सीप विकास तालिम

इ. सिकाई भ्रमण

ई. स्थानीय विकास अधिकारीको संयोजकत्वमा सल्लाहकार समिति (DPAC) गठन

# ५. प्रगति समिक्षा

## ५.क. अभियानगत प्रगति

**महासंघको रणनीतिक उद्धेश्य अनुशारका क्रियाकलापहरुः**

**रणनीतिक उद्देश्य १ः**

**छरिएर रहेका किसानहरुलाई समूहमा आवद्ध गर्दै किसान हक, अधिकार सुनिश्चितताका लागि कृषक समूहहरुलाई संगठित गर्दै महासंघमा आवद्ध गराउने ।**

**यस उद्धेश्यसंग सम्बन्धित उपलब्धिहरु :**

- गोलवद्ध किसान सदस्य – ७८,७५०
- सदस्य समूहहरु महासंघमा आवद्ध – ३२००
- गा.वि.स./न.पा. महासंघ गठन, अधिबेशन सम्पन्न – ३५०
- जिल्ला महासंघ विस्तार – ४५
- जिल्लामा जिल्ला अधिबेशन सम्पन्न –३४
- प्रथम राष्ट्रिय महाधिबेशन सम्पन्न
- पहिलो जिल्ला परिषद एवं सामाजिक लेखाजोखा सम्पन्न –२५
- दोश्रो जिल्ला परिषद एवं सामाजिक लेखाजोखा सम्पन्न –२२
- केन्द्रिय तहमा पहिलो र दोश्रो सामाजिक लेखाजोखा सम्पन्न
- पहिलो र दोस्रो राष्ट्रिय परिषद सम्पन्न

**रणनीतिक उद्देश्य २ :**

**प्रभाव समूहको विभिन्न श्रोत, साधन तथा सेवामा पहुंच बढाउन सहजिकरण तथा नेतृत्व क्षमता अभिबृद्धि**

**गर्ने ।**

**यस उद्धेश्यसंग सम्बन्धित उपलब्धिहरु :**

- ४३५ वटा समूह परिचालन/बचत/लगानी/पारदर्शिता/कृषि, पशु सेवा बारे छलफल /समूहको नियमित वैठकमा सहभागीता नियमित समुह बैठक/समूहस्तरीय सवालहरुको पहिचान एवं श्रोतको खोजिमा सहजिकरण
- च्याउ खेती, अचार, पापड बनाउने तालिमका लागि पहल, समन्वय र सहजिकरण
- प्लाष्टिक घर, तरकारी खेती, कृषि औजार, भकारो सुधार कार्यक्रम,माछ्रा, मौरी पालन तथा खाद्य सामाग्री भण्डारणसँग सम्वन्धित कृयाकलापहरुका लागि सम्बन्धित निकायमा पहल
- जैविक विषादी तथा गोठे मल सूधार बनाउने तालिम, माटो परिक्षण शिविर संचालनका लागि पहल,
- ३२०० समूहहरुमा नियमित बैठक, हितकोष संकलन, समूह नविकरण, हक अधिकार, सरकारी सेवा सुविधाबारे छलफल
- गाउँ तथा नगर महासंघ मार्फत लक्षित समुदायमा कृषक समुह गठन, नविकरण, परिचालन सहजीकरण श्रोतको खाजि, किसान अधिकारबारे शसक्तिकरण

## रणनीतिक उद्देश्य ३ :

**प्रभाव समूहको अधिकार सुनिश्चितताका लागि नीति निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयनका लागि तथ्यमा आधरित सवालगत पैरवि गर्ने ।**

**महासंघले आफ्नो स्थापना (तदर्थ) काल देखि नै उठाउदै आएका सवाल , पैरवि र उपलब्धिहरुको विवरण :**

| **३.१.** २०६८।७२३ तत्कालिन कृषि विकास मन्त्री नन्दन कुमार दत्त समक्ष ज्ञापन पत्र पेश गरि नियामित रुपमा महासंघले उठाउँदै आएका मूख्य सवाल र उपलब्धिहरु | | |
|---|---|---|
| **सवालहरु** | **महासंघको पैरवी** | **उपलब्धि** |
| क. किसानको पहिचान वर्गीकरण, परिचयपत्र र सामाजिक सुरक्षा (पेन्सन) | • २०६८।७२३ तत्कालिन कृषि विकास मन्त्री नन्दन कुमार दत्त समक्ष ज्ञापन पत्र पेश<br>• २०६८।९।१ मा तत्कालीन प्रधानमन्त्री ज्यू डा. वाबुराम भट्टराई समक्ष पूनः ज्ञापन पत्र पेश<br>• मिति २०७१।५।१ मा तत्कालिन संबैधानीक समितिका सभापति डा. बाबुराम भटराई समक्ष ज्ञापन पत्र पेश<br>• सरकारद्धारा वितरित किसान परिचयपत्रको अवस्था अध्ययन,<br>• सरोकारवालाहरुको उपस्थितिमा महासंघको धारणा सहित अध्ययन प्रतिवेदन सार्वजनिक<br>• महासंघ द्धारा उक्त विषयमा नियमित रुपमा बहस, छलफल, अनुगमन | १. किसान परिचय पत्र (वितरण तथा प्रयोग निदेशिका) २०७१ निर्माण<br>२. आ.व ०७१।७२को सरकारको नीति तथा कार्यक्रम मार्फत कृषि क्षेत्रको विकास तथा ब्यावसायिकतामा सहयोग पूर्याउन साना, मझौला, ठूला तथा ब्यवसायिक कृषकहरुको वर्गिकरण र मापदण्ड बनाई कृषकहरुलाई सेवा सुविधा उपलब्ध गराउनका लागि कृषक कार्ड ब्यवस्था<br>३. आ.व ०७१।७२ सरकारद्धारा नमुनाको रुपमा ५ विकास क्षेत्रका ५ जिल्लाहरुमा किसान परिचय पत्र वितरणको शुरुवात<br>४. कृषि विकास मन्त्रालयको सहसचिव ज्यूको संयोजकत्वमा किसान वर्गिकरण एवं सुरक्षा स्किम समिति गठन<br>५.उक्त समितिले पेश गरेका अवधारणा पत्र २०७३ मा महासंघको सुझावको सम्बोधन<br>६.किसान परिचय पत्र र पेन्सनबारे अध्ययन गर्न कृषि मन्त्रालय द्धारा परामर्शदाताको लागि सुचना प्रकाशन<br>७. कृषि विकास मन्त्रालयको २७ बुदे प्रतिवद्धता पत्र २०७२ |

| | | |
|---|---|---|
| ख. सबै गा.वि.स.मा कृषि प्राविधिकको माग | • २०६८।७।२३ तत्कालिन कृषि विकास मन्त्री समक्ष ज्ञापन पत्र पेश<br><br>•२०६८।९।१ क्षेत्रिय प्रशासन कार्यालय मकवानपूर मार्फत तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई ज्यू समक्ष ज्ञापन पत्र पेश<br><br>•नियमित रुपमा बहस, छलफल | • आ.व. २०७२।७३ को नीति तथा कार्यक्रम मार्फत राज्य द्वारा सम्बोधन<br><br>• जिल्लाका गा.वि.स/न.पा.हरुमा कृषि तथा पशु प्राविधिकहरुको व्यवस्था |
| ग. कृषि र पशु बिमाको व्यवस्थाको लागी माग | • २०६८।७।२३ तत्कालिन कृषि तथा सहकारी मन्त्री ज्यू समक्ष ज्ञापन पत्र पेश<br><br>• विमा सम्बन्धि व्यवस्थाको कार्यन्वनका लागि जिल्ला एवं केन्द्रिय तहमा नियमित रुपमा बहस, छलफल<br><br>• २०६८।९।१ मा तत्कालीन प्रधानमन्त्री ज्यू डा. वाबुराम भट्टराई समक्ष पून: ज्ञापन पत्र पेश<br><br>• विमा सम्बन्धि व्यवस्थाबाट लाभ उठाउन संचार माध्यमबाट किसान तहमा सुचना जारी<br><br>• विमा नीतिलाई भुमिहिन, साना किसान र सिमान्तकृत वर्गको पक्षमा लागु गराउन नियमित रुपमा बहस, छलफल | १. आ.व. २०७२।७३ को बजेट बक्तब्य मार्फत प्रिमियममा मूल्य अभिबृद्धि कर छुट सहित ५० प्रतिशत अनुदानको व्यवस्था,<br><br>२. आ.व. २०७३।७४ को बजेट बक्तब्य मार्फत प्रिमियममा मूल्य अभिबृद्धि कर छुट सहित ७५ प्रतिशत अनुदानको व्यवस्था, |

| | | |
|---|---|---|
| घ. किसानलाई सुलभ ब्यजदर मा कृषि ऋण प्रवाहको लागि माग | • २०६८।७।२३ तत्कालिन कृषि विकास मन्त्री समक्ष ज्ञापन पत्र पेश<br>• नियमित रुपमा बहस, छलफल<br>• कृषि ऋण अनुदानको प्रभावकारीता बारे अध्ययन | १. आ.व. ०७१।७२ को सरकारको नीति तथा कार्यक्रममा कृषि ऋण ६ प्रतिशतमा प्रवाह गर्ने ब्यवस्था<br><br>२.अधिकतम १० प्रतिशत भन्दा नवढाउन राष्ट्र बैक द्धारा वाणिज्य बैकहरुलाई निर्देशन<br><br>३. कुल लगानीको १० प्रतिशत रकम अनिवार्य रुपमा कृषि क्षेत्रमा लगानी गर्न नेपाल सरकारद्धारा राष्ट्र बैकलाई निर्देशन<br><br>४. आ.व. ०७३।७४ को सरकारको नीति तथा कार्यक्रम मार्फत कृषि ऋण अनुदानमा १ प्रतिशत बृद्धि गरि ५ प्रतिशतमा कायम । |
| ङ कृषि मै त्री भूउपयोग नीतिको माग | • २०६८।७।२३ तत्कालिन कृषि तथा सहकारी मन्त्री ज्यू समक्ष ज्ञापन पत्र पेश<br>• २०६८।९।१ मा तत्कालीन प्रधानमन्त्री ज्यू डा. वाबुराम भट्टर ाई समक्ष पूनः ज्ञापन पत्र पेश<br>• भूमिसुधार तथा ब्यवस्था मन्त्रालयले भूउपयोग नीतिको आधारमा तयार पारि एको प्रश्तावित भूउपयो ग ऐनको मस्यौदामा २०७२ चैत्र २४ गते नागरिक बहस र सुझाव पेश<br>• नियमित रुपमा बहस, छलफल | नेपाल सरकार भूमिसुधार तथा ब्यवस्था मन्त्रालय द्धारा भूउपयोग नीति २०६९ निर्माण<br><br>नीतिको आधारमा तयार पारिएको प्रश्तावित भूउपयोग ऐनको मस्यौदा निर्माण अन्तिम चरणमा रहेको |

| | | |
|---|---|---|
| च.दिगो कृषिका लागि प्रांगारिक कृषि प्रर्बद्धन | • २०६८।७२३ तत्कालिन कृषि तथा सहकारी मन्त्री ज्यू समक्ष ज्ञापन पत्र पेश<br>• सम्बन्धित निकायहरुमा नियमित रुपमा बहस, छलफल र पैरवि जारी | १. आ.व. ०७१।७२ को सरकारको नीति तथा कार्यक्रम मार्फत कृषक समूह, सहकारीहरुलाई प्रांगारिक मल उत्पादनको लागि ५० प्रतिशत अनुदानको ब्यवस्था,<br>२.विषादि एवं रसायनिक मल प्रयोग नगरि जैविक खेती खेति गर्ने गा.वि.स.हरुलाई कृषि क्षेत्रमा खर्च गर्न नियामित अनुदानमा २५ प्रतिशत थपको ब्यवस्था<br>३. आ.व. ०७२।७३ को सरकारको नीति तथा कार्यक्रम मार्फत प्रांगारिक उपज मात्र उत्पादन गर्ने गा.वि.स. लाई दिईने अनुदानमा ५० प्रतिशत थप गर्ने ब्यवस्था<br>४. आ.व. ०७३।७४ को सरकारको नीति तथा कार्यक्रम मार्फत सरकारले तोकेका ब्लक, पकेट, जोन, सुपरजोनहरुमा प्रांगारिक मलकारखानाहरुलाई जैविक विषादिहरु उत्पादन गर्न ८५ प्रतिशत पूंजिगत अनुदान उपलब्ध गराउने ब्यवस्था |
| छ.सरकारी निकायका सम्बन्धित विषयगत समितिहरुमा महासंघको तहगत प्रतिनीधित्वको सुनिश्चितता | २०६८।७२३ तत्कालिन कृषि तथा सहकारी मन्त्री ज्यू समक्ष ज्ञापन पत्र पेश<br>• २०६८।९।१ मा तत्कालीन प्रधानमन्त्री ज्यू डा. वाबुराम भट्टर ाई समक्ष पूनः ज्ञापन पत्र पेश | **गा.वि.स. तह**<br>नगर स्तरीय एकिकृत योजना तर्जुमा समिति<br>कृषि वन तथा वातावरण समिति<br>स्थानीय शान्ति समिति<br>गा.वि.स.स्तरीय एकिकृत योजना तर्जुमा समिति<br>गा.वि.स.स्तरीय विपद् ब्यवस्थापन समिति<br>**जिल्ला तह**<br>आर्थिक समिति, जि.वि.स.<br>जिल्ला विकास समिति, जि.वि.स.<br>कृषि विकास समिति, जि.कृ.वि.का<br>पशु विकास कार्य दल जि.प. से.का.<br>कृषि सूचना समिति जि.कृ.वि.का<br>प्राङ्गारिक मल समिति जि.कृ.वि.का<br>जिल्ला परियोजना सल्लाहकार समिति |

<table>
<tr><td></td><td>• स्थानीय तहदेखि र ाष्ट्रिय तह सम्मका सम्बन्धित निकायहरुमा नियमित रुपमा अडान पत्र पेश, बहस, छलफल, ध्यानाकर्षण लगाएतका पैरवी</td><td>केन्द्रिय तह<br>क. कृषि मन्त्रालय अन्तर्गतको पारिवारिक खेती दशक (राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय कार्यान्वयन समिति र राष्ट्रिय सचिवालय समिति)को सदस्य<br>ख. वन मन्त्रालय अन्तर्गत रहेको Forest, Farm, Facility Program को सल्लाहकार समिति सदस्य<br>ग. राष्ट्रिय प्राकृतिक श्रोत संरक्षण रणनीतिक योजना तर्जुमा समिति, योजना आयोगको सदस्य<br>घ. विषादि अवशेष द्रुत विश्लेषण कार्यक्रम संचालन कार्यविधि २०७१ अन्तर्गत कार्यक्रम संचालन समितिको सदस्य</td></tr>
<tr><td>ज.सरकारी कार्यक्रमहरुको अनुगमनमा महासंघको प्रतिनीधित्व</td><td>२०६८।७।२३ तत्कालिन कृषि तथा सहकारी मन्त्री ज्यू समक्ष ज्ञापन पत्र पेश<br>• नियमित रुपमा बहस, छलफल</td><td>जिल्ला कृषि विकास समितिमा प्रतिनिधित्व रहेका जिल्लाहरुबाट अनुगमनमा महासंघको प्रतिनिधित्वको शुरुवात भएको</td></tr>
<tr><td colspan="3">३.२ २०६८।९।१ क्षेत्रिय प्रशासन कार्यालय मकवानपूर मार्फत तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई ज्यू समक्ष ज्ञापन पत्र ( बोधार्थ : अर्थ, कृषि, स्थानीय विकास, र योजना आयोग) पेश गरि नियामित रुपमा महासंघले उठाउँदै आएका मूख्य सवाल र उपलब्धिहरु</td></tr>
<tr><td>क. न्यूनतम समर्थन मुल्य निर्धारण गरि कार्यन्वयनको लागि माग</td><td>• २०६८।९।१ क्षेत्रिय प्रशासन कार्यालय मकवानपूर मार्फत तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई ज्यू समक्ष ज्ञापन पत्र पेश<br>• नियमित रुपमा बहस, छलफल</td><td>आ.व. ०७३।७४ को सरकारको नीति तथा कार्यक्रम मार्फत मूख्या बाली, धान गहुं र मकैको न्यूनतम समर्थन मुल्य वाली लगाउनु पूर्व नै तोकिने प्रतिबद्धता ब्यक्त</td></tr>
</table>

| | | |
|---|---|---|
| ख. भूमिहिन किसानहरुको लागि सहजरुपमा जग्गा भाडामा लिन सक्ने नीतिगत व्यवस्था | • २०६८।९।१ क्षेत्रिय प्रशासन कार्यालय मकवानपूर मार्फत तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई ज्यू समक्ष ज्ञापन पत्र पेश<br>• नियमित रुपमा बहस, छलफल<br>• महासंघको सहयोग र सम्बन्धित निकायहरुसंगको सहकार्यमा सिरहाको भगवानपूर गा.वि.स.का ४० घर मुसहर समूदायहरुले ४ विगहा जग्गा भाडामा लिई खेती गरिरहेका | करारखेती (जग्गा भाडामा लिई खेती गर्ने) नीति २०७१ निर्माण |
| ग.उत्पादन/ उपभोक्ता सहकारी हरुलाई प्रशो धन, शीतभण्डार, कृषि उद्यो ग स्थापनामा विशेष छुटको व्यवस्थाको लागि जोड | • २०६८।९।१ क्षेत्रिय प्रशासन कार्यालय मकवानपूर मार्फत तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई ज्यू समक्ष ज्ञापन पत्र पेश<br>• नियमित रुपमा बहस, छलफल, सम्बन्धित निकायमा ज्ञापन पत्र पेश | आ.व. ०७२।७३ को सरकारको नीति तथा कार्यक्रम मार्फत नीजि तथा सहकारी क्षेत्रले बैकिङ क्षेत्रबाट ऋण लिई कृषि विकास मन्त्रालयले निदृष्ट गरेको मापदण्ड बमोजिम शीतघर र खाद्यन्न भण्डारण स्थापना गरी संचालन गर्न चाहेमा पहिलो ५ वर्ष सम्म शतप्रतिशत ब्याज अनुदान दिईनेछ। यस्ता शीतघर र भण्डारणको लागि आवश्यक प्राविधिक सहायता सरकारले उपलब्ध गराउनुको साथै विद्युतको डिमाण्ड शुल्कमा शत प्रतिशत छुट दिईनेछ। |
| घ.प्राथमिक तहदे खि जीवनपयो गी कृषि शिक्षा पाठ्यक्रम तयार गरि लागु गरि योस। कृषि उच्च शिक्षामा साधारण किसानका छोर ाछोरीको पहुंच स्थापना गरियोस। | • २०६८।९।१ क्षेत्रिय प्रशासन कार्यालय मकवानपूर मार्फत तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टर ाई ज्यू समक्ष ज्ञापन पत्र पेश | पैरवीको निरन्तरता |

| ३.३ महासंघले नियामित रुपमा उठाउँदै आएका मूख्य सवालहरु : | | |
|---|---|---|
| क.महासंघको प्रतिनीधित्वको सुनिश्चितता सहित किसान आयोगको गठन | • मिति २०७१।५।१ मा तत्कालिन संबैधानीक समितिका सभापति डा. बाबुराम भटराई समक्ष ज्ञापन पत्र पेश<br>• नियमित रुपमा बहस, छलफल, सम्बन्धित निकायमा ज्ञापन पत्र पेश | १. आ.व. ०७३।७४ को सरकार को नीति तथा कार्यक्रम मार्फत किसान आयोग गठनको व्यवस्था<br>२. दिर्घकालीन कृषि विकास रणनीतिमा किसान आयोग गठन बारे उल्लेख |
| ख.स्थानीय निकायमा १५ प्रतिशत कृषि बजेटको सुनिश्चितता | •२०७१।०२।१८ गते उपप्रधान एवं स्थानीय विकास मन्त्री समक्ष ज्ञापन पत्र पेश<br>•२०७१।०२।२७ प्रमुख जिल्ला अधिकारी मार्फत संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा २५ जिल्ला महासंघहरुबाट ज्ञापन पत्र पेश<br>•नियमित रुपमा बहस, छलफल | अधिकांश गा.वि.स.हरुले कार्यन्वयन शुरुवात गरेता पनि अस्पष्ट नीतिका कारण पूर्ण कार्यन्वयनमा कठिनाई |
| ग. उत्पादनका साधनमा भन्दा कृषि उत्पादनमा अनुदानको व्यवस्था | • २०६८।९।१ क्षेत्रिय प्रशासन कार्यालय मकवानपूर मार्फत तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई ज्यू समक्ष ज्ञापन पत्र पेश<br>• नियमित रुपमा बहस, छलफल | पैरवीको निरन्तरता |
| घ. आयतीत विउहरुलाई निरुत्साहित एवं रैथाने विउहरुको प्रवर्द्धनमा जोड, जीएमओ निषेध | • दिर्घकालीन कृषि विकास रणनीतिमा जीएमओ पूर्ण रुपमा निषेध गर्ने व्यवस्था<br>• नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| ङ कृषि मन्त्रालयको उपस्थिती स्थानीय तहमा अत्यन्त न्यून (१२ प्रतिशत) भएको सन्दर्भमा हाल दिईरहे का अनुदान स्थानीय निकाय मार्फत उपलब्ध गराउने | • नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |

| | | |
|---|---|---|
| च. थोपा सिंचाई वर्षे पानी संकलन, प्लाष्टिक पोखरी लगायतका यो जनाहरुलाई ७५प्रतिशत अनुदान सहित प्राथमिकता | • नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| छ. नेपाल सरकारका नीति कार्यक्रम माथिको नियामित समिक्षा | • आ.व.२०७२/०७३ को बजेट बारे नागरीक समिक्षा<br>• आ.व.२०७३/०७४ को बजेट र कृषिसंग सम्बन्धित सवालहरु बारे कृषि तथा जलश्रोत समितिका सभापति, लगाएतका सरोकारवालासंग छलफल | पैरवीको निरन्तरता |
| ञ. पशुजन्य र कृषि जन्य उत्पादनमा लागेका किसानका वालवालिकाहरुको अध्ययनको लागि विशेष सहुलियत र प्राथमिकता दिने ब्यवस्था | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| ट. जनताको लागि गुणस्तरीय खाना खान पाउने संबैधानीक ब्यवस्था र कार्यन्वयन | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| ठ. कृषिसंग सम्बन्धित मन्त्रालयहरुको एकिकरण | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| ड. स्थानीय तहले प्रत्यभूत गर्ने गरि कृषि विकास मन्त्रालयको विकेन्द्रिकरण | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |

| | | |
|---|---|---|
| ण. संविधानमा किसानका सवाल | • मस्यौदा संविधान माथि तत्कालिन संविधान सभा अध्यक्ष समक्ष सुझाव सहित ज्ञापन पत्र पेश,<br>• प्रेस विज्ञप्ति जारी | **निर्देशक सिद्धान्त ङ** कृषि र भूमि सुधार सम्बन्धि नीति (नेपालको संविधान २०७२)<br>**समानताको हकमा** किसान शब्दको उल्लेख गरि प्राथमिकतामा राखिएको |

| | | |
|---|---|---|
| त. कृषि ऋणमा भुमिहिन, महिला, साना र सिमान्तकृत किसानको पहुँच स्थापना | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| थ. सामुहिक जमानीमा महिला किसानहरुलाई ऋण प्रवाह गरी ब्यवसाय प्रवर्द्धन | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| द. वाली तथा पशुपंक्षि विमाको प्रभावकारी कार्यन्वयन | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |

| | | |
|---|---|---|
| ध. दिर्घकालिन कृषि रणनीतिको कार्यान्वयनमा कृषकको प्रतिनीधि मुलक संस्थाको सहभागिता सहित प्रभावकारी कार्यन्वयन । | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| न. सरकारी निकायका सम्बन्धित विषयगत समितिहरुमा समूह महासंघको तहगत प्रतिनीधित्वको सुनिश्चितता | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| प. समूह संचालन एवं हितकोष ब्यवस्थापन नीतिको निर्माण | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| फ. एकिकृत कृषि ऐनको निर्माण | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| ब. मौजुदा किसान मैत्री नीति, रणनीतिहरुको प्रभावकारी कार्यन्वयन | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| भ. योगदानको आधारमा कृषि क्षेत्रमा बजेट बृद्धि | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| म. परापूर्वकाल देखि संस्कृतिको रुपमा गरिदै आएको पारिवारीक खेती प्रणालीको प्रवर्द्धन र आत्मनिर्भरमूखि कृषिमा जोड | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| य.साना किसान मैत्री जलवायु अनुकुलन खेति प्रवर्द्धन | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |
| व. गा.वि.स.स्तरीय कृषि तथा खाद्य सुरक्षा योजना निर्माण, तपेश्वरी, उदयपुर | नियमित रुपमा बहस, छलफल र पैरवी | पैरवीको निरन्तरता |

| | | |
|---|---|---|
| श. किसानका सवालहरुमा संचार माध्यम | ● कृषि संचार प्रा.लि. संगको सहकार्यमा देशका ४२ वटा स्टेशनहरुबाट नियमित एफ एम. कार्यक्रम संचालन<br>● नीति कार्यक्रम बारे संयुक्त छलफल<br>● साना किसानका सवालमा संचार माध्यमको भूमिका विषयक अन्तरकृया कार्यक्रमहरु<br>● विभिन्न टेलिभिजन, एफ.एम.स्टेशन र पत्रपत्रिका मार्फत सवाल उठानको लागि स्थान प्राप्त | ● सरोकारवालाहरुको ध्यानाकर्षण<br>● किसान एवं सरो कारवालाहरु को अपनत्व<br>● नीतिगत सम्बो धनका लागि दवाव |

| | | |
|---|---|---|
| ष.सम्बन्धित दिवसहरु | विभिन्न सरोकारवालाहरुको सहकार्यमा सरकार र सरोकार वालाहरुसंगको सहकार्यमा जिल्ला एवं केन्द्रमा अन्तराष्ट्रिय ग्रामिण महिला दिवस / विश्व खाद्य दिवस/धान दिवस लगायतका दिवसहरु | ●सम्बन्धित सरकारी निकायहरुसंगको सहकार्य मार्फत किसानका सवाल उठानको अवसर प्राप्ति<br>●सम्बन्धित नागरिक समाजका संघ संगठन संगको सहकार्य मार्फत महासंघले उठाउदै आएका सवालमा ऐक्यवद्धता एवं पहिचान बृद्धि |

| **विभिन्न सन्दर्भमा महासंघद्धारा जारी प्रेस विज्ञप्ति :** | | |
|---|---|---|
| १. वर्ड फ्लुबारे प्रेस विज्ञप्ति, | | |
| २.कृषि विकास रणनीति मस्यौदा सार्वजनीक गरियोस् | | |
| ३.कृषि विकास रणनीति परिमार्जनको सम्बन्धमा | | |
| ४. प्राकृतिक प्रकोपबाट भएको जनधनको क्षति सम्बोधनका लागि | | |
| ५.किसान परिचय पत्र वितरणका सम्बन्धमा | | |
| ६. नेपाल सरकारको बजेट एवं नीति तथा कार्यक्रम बारे महासंघको धारणा सार्वनीक | | |
| ७. ३५ औ खाद्य दिवसका सन्दर्भमा संयुक्त प्रेस विज्ञाप्ति | | |
| ८. तत्कालीन कृषि विकास मन्त्री मा. हरीवोल गजुरेल समक्ष कृषिमा आत्मनिर्भरताको अवधारणाः प्रारम्भिक छलफल तथा अन्तरकृयत मा लिखित ७ बुदे सुझाव पेश | | |
| ९. नाकाबन्दिले कृषि क्षेत्रमा पारेको प्रभावका बारेमा संयुक्त प्रेस विज्ञप्ति र पत्रकार सम्मेलन | | |
| १०. रसायनिक मल अभावका सम्बन्धमा आयोजित पत्रकार सम्मेलन | | |
| **सुचनामुलक सन्देशहरु** | | |
| १. विनासकारी भूकम्पबाट श्रृजित कृषि र किसानका समस्यहरुका बारेमा अति प्रभावित १४ जिल्लाका रेडियो हरुबाट जिंगल प्रश्तुत | | |

**रणनीतिक उद्देश्य ४ :**

**प्रभाव समूहको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउन जीविकोपार्जनका गतिबीधिहरु संचालन गर्ने र वातावरण मैत्री कृषि पद्धति अवलम्बन गर्ने ।**

**यस उद्धेश्यसंग सम्बन्धित उपलब्धिहरु :**

क. काभ्रे जिल्लाको गैरी विसौने देउपूर, महादेवस्थान, कात्तिके देउराली, गोठपानी, पात्लेखेत, काशिखण्ड गा.वि.स./न.पा.मा भूकम्पबाट क्षति पूगेका उत्पादनसंग सम्बन्धित पूर्वाधारहरुको पूननिर्माणका लागि सहयोग गरिएको छ जस अन्तर्गत सिंचाइ ८ वटा, खानेपानी १० वटा, पोखरी ६ वटा, सामुदायिक भवन १ वटा निर्माण भएका छन् । त्यसैगरि जीविकोपार्जन कार्यक्रम अन्तर्गत पोखरी सहित माछा पालन सहयोग २ वटा, च्याउखेती ५ वटा, तरकारी विउ वितरण २ वटा, टनेल १ वटा, सामुदायिक विउ बैक तालिम १ वटा, विउ बैक स्थापना सहयोग ४ वटा, जुठेल्लो सुधार २ वटा, च्याउ तालिम ३ वटा सम्पन्न भएका छन् ।

ख. ओखलढुंङ्गा जिल्लाको रानीवन र विलन्दु एवं उदयपूर जिल्लाको हर्देनि र लेखानी गा.वि.स.हरुमा जीविकोपार्जनमा सहयोग (पशुगोठ निर्माण १९०, सिंचाइ कुलो मर्मत ६, पोखरी १०, टनेल २० गहुंको विउ १२६५ के.जि, सिड विन १५)

ग. सिमान्तकृत समूदाय चेपाङहरु र जनजातिहरुको जीविकोपार्जनमा टेवा पूर्याउनको लागि ४० किसानलाई बाखा र २० किसानलाई घारसहितको मौरी वितरण

घ. तनहुं जिल्लाको नमूना कृषक समूहमा August २०१६ देखि कृषि र वन सहज कार्यक्रम अन्तर्गत जिविकोपार्जनका संचालनमा रहेको छ ।

**रणनीतिक उद्देश्य ५ :**

**महासंघको संस्थागत विकासमा सुधार ल्याउन संस्थागत नीति, नियम तथा निर्देशिकाहरुलाई नियमित अध्यावधिक गर्ने र तीनिहरुको कार्यान्वयन सुनिश्चित गर्ने ।**

**यस उद्धेश्यसंग सम्बन्धित उपलब्धिहरु :**

- विधान : महासंघको विधानलाई संरचनाको तल्लो तह सम्म पूर्‍याउन पहल गरिएको
- मानव श्रोत परिचालन नियमावली : कार्यन्वयन भईरहेको
- आर्थिक प्रशासन नियमावली : कार्यन्वयन भईरहेको
- अनुशासन तथा आचार संहिता : कार्यन्वयनमा रहेको
- महासंघ संचालन निर्देशिका : महासंघको विधानलाई संरचनाको तल्लो तह सम्म पूर्‍याउन पहल गरिएको
- ५ वर्षे रणनीतिक योजना ( मध्यावधी पुनरावलोकन सहित ) : कार्यन्वयन भईरहेको
- लैगिक तथा समाबेशीकरण मार्गदर्शन : कार्यन्वयन भईरहेको
- अक्षय कोष व्यवस्थापन नियमावली : कार्यन्वयन भईरहेको
- पृष्ठपोषण संयन्त्र : नीति निर्माण भई कार्यन्वयन भईरहेको
- शुन्य सहनशिलता नीति : कार्यन्वयन भईरहेको
- समूह संचालन/हितकोष व्यवस्थापन नियमावली : नेपाल सरकारसंगको समन्वयमा निर्माणाधिन
- लागत बाँडफाँड नीति (यसवर्ष निर्मित) : कार्यन्वयन भईरहेको
- अभियन्ता छनौट तथा परिचालन निर्देशिका २०७३ : कार्यन्वयन भईरहेको

(**प्रष्टिकरण** : माथिका सबै नीतिहरु कार्यन्वयनका शिलशिलामा देखिएको अफ्ठ्याराहरुलाई

सिकाई मान्दै संशोधन गर्ने अभ्यास रहि आएको छ )

**उद्देश्य ६ :**

**महासंघमा दिगो किसिमको श्रोत व्यवस्थापनका लागि विभिन्न प्रकृतिका श्रोत साझेदारहरुसंग संस्थागत सहकार्य बढाउने र आन्तरिक श्रोतको पहिचान एवं व्यवस्थापन गर्ने ।**

क.तनहुं जिल्लाको मानपांग गा.वि.स. बेलौतेडांडाको नमूना कृषक समूहमा कृषि र वन सहज कार्यक्रम  देखि शुरुवात भएको छ ।

ख. महासंघका आन्तरिक कोष, आवद्धता शुल्क, नविकरण शुल्क, ईच्छा दान लगाएतबाट आएका रकम व्यवस्थापन र परिचालनको लागि अक्षयकोष परिचालन नियामावली बनाई कार्यन्वयन गरिएको छ ।

**उद्देश्य ७ :**

**कृषकहरुको गैरराजनैतिक छाता संगठनको रुपमा विभिन्न तहमा प्रतिनीधित्व गर्ने र  कृषि क्षेत्रमा कार्यरत विषयगत संघ संस्थाहरुसंग सहकार्य एवं संजालीकरण गर्ने ।**

- **सवाल मिल्ने संघ संस्थाहरुसंग सहकार्य गर्ने रणनीति अनुरुप महासंघले निम्न संघ संस्थाहरुसंग सहकार्य गर्दै आएको छ ।**

**क. जिल्ला तह :**

- स्थानीय उद्देश्य मील्ने संस्थाहरु (जस्तै, प्रकृतिक श्रोतमा काम गर्ने संस्थाहरु, किसान अधिकारमा सहयोग गर्ने संस्थाहरु)
- सरोकारवाला सरकारी निकायहरु (गा.वि.स, जि.वि.स. कृषि/पशु, भूसंरक्षण बन

कार्यलयहरु)

**ख. केन्द्रिय तह :**

| संस्था |
|---|
| ● खाद्यका लागि कृषि अभियान, राष्ट्रिय किसान संजाल, खाद्य अधिकार संजाल नेपाल कृषि पत्रकार प्रष्ठिान |
| ● राष्ट्रिय भूमि अधिकार मंच,सामुदायिक आत्मनिर्भर केन्द, नेपाल दिगोविकास लक्ष्य फोरम, |
| ● कृषि प्राविधिक एशोसिएशन, नेपाल पाराभेटनरी एण्ड लाईभस्टक एसोशियसन |

**निम्न सरकारी संयन्त्रहरुमा महासंघको सहभागिता रहेको छ :**

क. कृषि मन्त्रालय अन्तर्गतको पारिवारिक खेती वर्ष (राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय कार्यान्वयन समिति र राष्ट्रिय सचिवालय)को सदस्य

ख. वन मन्त्रालय अन्तर्गत रहेको Forest, Farm, Facility Program को सल्लाहकार समिति सदस्य

ग. राष्ट्रिय प्राकृतिक श्रोत संरक्षण रणनीतिक योजना तर्जुमा समिति, योजना आयोगको सदस्य ।

घ. विषादि अवशेष द्रुत विश्लेषण कार्यक्रम संचालन कार्यविधि २०७१ अन्तर्गत कार्यक्रम संचालन समितिको सदस्य ।

ङ विभिन्न जिल्लामा कृषि विकास समितिहरुमा जिल्लाका विषयगत योजना तर्जुमा समिति, कार्यक्रम अनुगमन समितिमा महासंघको प्रतिनिधित्व

च. विभिन्न गा.वि.स.हरुमा रहेको कृषि बन वातावरण समितिमा प्रतिनिधित्व

## ख. आर्थिक प्रगति प्रतिवेदन

**२०७२ श्रावण देखि २०७३ असार ३१ सम्म**

**प्राप्ति - खर्च विवरण**

| प्राप्ती विवरण | संझौता रकम | प्राप्त रकम | खर्च विवरण | खर्च रकम |
|---|---|---|---|---|
| केएर नेपाल | २०,७११,५६४.४९ | २०,७११,५६४.४९ | **केएर नेपाल तर्फको खर्च** | |
| यू एन डि पी | १०,३७६,०००.०० | ९,३३८,४००.०० | कार्यक्रम खर्च | १२,८२४,९५८.९१ |
| फियान नेपाल | ७,५१५,२८०.०० | ७,४९८,५८२.०० | जिवीकोपार्जन खर्च तर्फ | ४,४३२,३०३.९१ |
| एफ.ए.ओ/आई.यु.सि.एन. | १,५५८,३००.०० | ९६६,९८८.४० | प्रशासनिक खर्च तर्फ | ३,४५४,३०१.६७ |
| यु.एम.एन. | | ५९,७५०.०० | **जम्मा** | **२०,७११,५६४.४९** |
| विविध आय (अनुदान) | | ५९,२३५.०० | **यू.एन.डि.तर्फको खर्च** | |
| सदस्यता शुल्क | | १९२,६००.०० | सामुदायिक पुर्वाधार पुर्ननिमाण खर्च | ७,४५३,८६८.७० |
| सदस्यता नविकरण शुल्क | | ४०,८००.०० | जिवीकोपार्जन सुधार कार्यक्रम खर्च तर्फ | १,३१९,३६८.१६ |
| राष्ट्रिय किसान संजाल | | २५,०००.०० | प्रशासनिक खर्च तर्फ | १,४९१,३३२.७२ |
| अन्य सहयोग (संविधान संशोधन) | | ३०,०००.०० | **जम्मा** | **१०,२६४,५६९.५८** |
| कृषि संचार प्रा.लि. | | ४०,०००.०० | **फियान तर्फको खर्च** | |
| | | | राहत सामाग्री वितरण खर्च | ७,१६६,९१०.०० |
| | | | जिल्ला गठज परिचालन खर्च | ११९,५८०.०० |
| | | | पैरवी क्षमता विकास कार्यशाला | १५४,८५०.०० |
| | | | **जम्मा** | **७,४४१,३४०.००** |
| | | | **एफ. ए. ओ./आई. यु.सि.एन.तर्फको खर्च** | |
| | | | कृषि र वन सहज कार्यक्रम (मकवानपुर जिल्ला) | १,२३४,५७३.९५ |
| | | | कृषि र वन सहज कार्यक्रम (तनहुँ जिल्ला) | ८४,५३०.०० |
| | | | **जम्मा** | **१,३१९,१०३.९५** |
| | | | **संस्थागत तर्फको खर्च** | |
| | | | संचारसंगको सहकार्य | ३४,७४८.०० |
| | | | राष्ट्रिय परिषद् (धादिङ्ग) संयुक्त खर्च फियान र यु.एम.एन. | १०९,७५०.०० |
| | | | छपाई तथा मसलन्द खर्च | १२,०३४.५० |
| | | | पार्श्व चित्र निमार्ण | २५,०००.०० |
| | | | अन्य खर्च / बैक शुल्क | १,४४५.०० |
| | | | संस्था नविकरण खर्च | ४,२३५.०० |
| | | | भम्रण खर्च | ३,२००.०० |
| | | | **जम्मा** | **१९०,४१२.५०** |
| | | | | |
| | | **३८,९६२,९१९.८९** | | **३९,९२६,९९०.५२** |

| खर्च हुन बाँकी मौज्दात (Fund Balance) | | (९६४,०७०.६३) |
|---|---|---|
| | | |
| शुरु मौज्दात (Opening | | ४२९,१८८.८९ |
| बैंक मौज्दात (Bank Balance) | | १,०१७,५३९.१७ |
| नगद मौज्दात (Cash Balance) | | १९,८८०.०० |
| पेश्कि (Advance) | | ३८,२३९.७१ |
| आउन बाँकी रकम (Receivble) | | १,१९३,७५५.१३ |
| भुक्तानी दिन बाँकी (Payable) | | १,७३४,५३२.२७ |
| **जम्मा Fund Balance** | | ९६४,०७०.६३ |
| | | |

| **अनुसूची १: बैंक मौज्दात (Bank** | |
|---|---|
| सिभिल बैंक ओखलढुंगा | १५,२८४.७२ |
| ग्लोबल आई.एम.ई.बैंक सिरहा | ८,२६५.९४ |
| ग्लोबल आई.एम.ई.बैंक उदयपुर | ५,४६९.७२ |
| स्टयाण्डर्ड चार्टड बैंक | ३४२,५९९.६८ |
| नबिल बैंक | ५२,१८७.५९ |
| राष्ट्रिय बाणिज्य बैंक | ५९३,७३१.५२ |
| **जम्मा** | १,०१७,५३९.१७ |

| **अनुसूची २ नगद मौज्दात (Cash** | |
|---|---|
| सानो नगदी कोष-केन्द्रिय कार्यालय | १०,०००.०० |
| सानो नगदी कोष-सिरहा | २,७४१.०० |
| सानो नगदी कोष-ओखलढुंगा | १,३८८.०० |
| यू एन डि पी | - |
| संस्थागत नगद मौज्दात | ५,७५१.०० |
| **जम्मा** | **१९,८८०.००** |

| **अनुसूची ३ पेश्कि (Advance)** | |
|---|---|
| एग्रो ट्रेडर्स | १,६५०.०० |
| कमल न्यौपाने | २,२९१.७१ |
| हर्क ब.थापा | १,३६०.०० |
| नरेश जयसवाल | ३,०००.०० |
| पूर्णसिंह साउत | ४,२११.०० |
| उद्धव प्र.हुमागाई | ८६०.०० |
| कृषि संचार प्रा. लि. | २०,०००.०० |
| रामेश्वर माली | ४,८६७.०० |
| **जम्मा** | **३८,२३९.७१** |


| **अनुसूची ४ भुक्तानी दिन बाँकी (Payable)** | |
|---|---|
| केएर नेपाल तर्फबाट भुक्तानी हुन बाँकी | ३२०,४२६.१० |
| यू.एन.डि.तर्फबाट भुक्तानी हुन बाँकी | ९७८,३५७.१७ |
| एफ. ए. ओ./आई. यु.सि.एन.बाट भुक्तानी हुन बाँकी | ३५९,९०९.०० |
| समुहमा सदस्यता शुल्क बापत भुक्तानी दिनु पर्ने रकम | ७५,८४०.०० |
| **जम्मा** | **१,७३४,५३२.२७** |


| **अनुसूची ९ आउन बाँकी रकम (Receivable)** | |
|---|---|
| यू.एन.डि.बाट आउन हुन बाँकी | ९२६,१६९.५८ |
| बाँकी | २६७,५८५.५५ |
| **जम्मा** | **१,१९३,७५५.१३** |


# ६. महासंघको क्षमता विश्लेषण तालिका


संस्थागत विकासका विविध पक्षहरुलाई सात वटा क्षेत्रमा वर्गिकरण गरि महासंघले हरेक वर्ष सहभागितामूलक क्षमता विश्लेषण गर्दै आएको छ । यसरी विश्लेषण गरि त्यसको आधारमा अंक प्रदान गर्दै आफ्नो तह पहिचान गर्ने गरेको छ । यस अभ्यासमा जिल्लाका प्रतिनीधिहरु, केन्द्रका प्रतिनीधिहरुको साथै कर्मचारीको सहभागिता रहने गरेको छ । हरेक सुचकमा भएको प्रगतिको अवस्था विश्लेषण गर्दै सहभागितामूलक रुपमा सबै क्षेत्रको विश्लेषण गरिन्छ । विश्लेषण पश्चात देखिएका सुधार गर्नु पर्ने क्षेत्रको पहिचान गरी क्षमता सुधार योजना बनाई यसलाई कार्यन्वयनमा ल्याईन्छ । संस्थाका सम्रग गतिविधिलाई संस्थागत क्षमता र पैरवि क्षमता गरि दुई भागमा बर्गिकरण गरि वार्षिक रुपमा महासंघको क्षमता विश्लेषण हुदै आएको छ । विगत ३ वर्षको अभ्यासमा संस्थाको क्षमताको अवस्थालाई माकुरी जालोमा यसरी देखाउन सकिन्छ ।

## क. संस्थागत क्षमता विश्लेषण







| | क्षेत्रहरु | वष २०१३ | वष २०१४ | वष २०१५ |
|---|---|---|---|---|
| १ | सहभागिमूलक कार्यक्रम विकास, योजना तथा यसको कार्यान्वयन | १२।५ | १०।२५ | १३।६२५ |
| २ | सूशासन तथा जवाफदेहिता | १२ | १८।२ | १९ |
| ३ | सहभागिमूलक अनुगमन तथा मूल्यांकन | ८।३३३३३ | १४ | १४ |
| ४ | लैगिक तथा सामाजिक समाबेशीकरण | १२।५ | ११।२५ | १६।५ |
| ५ | बित्तीय प्रणाली तथा नीतिनियमको पालना | १० | ९।८७५ | २०।४३८ |
| ६ | मानव श्रोत र अन्य बन्दोबस्त | १५ | १६ | १९।५ |

## ख. पैरवि क्षमता विश्लेषण




| | क्षेत्रहरु | वष २०१५ | वष २०१६ |
|---|---|---|---|
| १ | जनवकालपै रवि नेतृत्व | ८३.३३ | ७० |
| २ | व्यवस्थापन अभ्यास | ७६.६७ | ७० |
| ३ | श्रोतसाधन | ६२.५० | ७०.८३ |
| ४ | जनवकालतका लागि मजबूत आधार निर्माण | ५७.१४ | ६६.६७ |
| ५ | परवि रणनिति | ७३.३३ | ७० |
| ६ | बाह्य संघसंस्थाहरुसंगको सम्बन्ध र सहकार्य | ७४.०७ | ७७.७८ |
| ७ | दिगोपना | ३७.५० | ५७.३३ |
| | जम्मा प्रतिशत | ६६.३६ | ६९.९ |

**प्रष्टिकरण** :

- पैरवि नेतृत्व सवालमा अघिल्लो विश्लेषण केन्द्रलाई मध्यविन्दु मानी गरिएकोमा यसवर्ष देखि महासंघको स्थानीय तह लाई पनि आधार मानिएकाले गत वर्षको नतिजा भन्दा कम देखिन गएको हो ।

## ७. सफलताको कथा

### ७.१ उदयपूर जिल्ला "कृषक समुह कृषि सहकारीमा परिणत हुदै"

उदयपुर जिल्लाको लेखानी गा.वि.स.वडा नं.९ मा ब्रामण, क्षेत्री, तामाङ, गुरुङ राईहरुको वसोवास रहेको छ । उनीहरुको मूख्य पेशा कृषि हो । यस समुहका केही व्यक्तिहरु मिलि २०६६ सालमा छलफल गरेर एक समुह गठन गर्ने निर्णय गरे । निर्णय पश्चात यहांका ३० जनाले सपनावती कृषक समुह गठन गरी जिल्ला कृषि विकास कार्यालय, उदयपुरमा दर्ता २०७० साल चैत्र २७ मा विधिवत संचालन गरे ।

समुहको विधानमा भएको व्यवस्था अनुशार मासिक प्रति व्यक्ति रु.२५। का दरले वचत गरी लगानी गर्न शुरु गरे । समुहको वचतलाई बार्षिक २४% व्याजदरमा समुहमा लगानी गर्ने निर्णय गरे । समुहका सदस्यहरुले अन्य साहु महाजनबाट ऋण लिनु पर्दा बार्षिक ३६ देखि ६०% महंगो व्याजदरमा लिनु पर्ने र त्यसमा पनि आवश्यकता परेको अवस्थामा भन्ने वित्तिकै साहुले नदिने समस्याहरु झेल्दै आउनु परेको थियो । दुर्गम वस्ति सुख्खा र भिरालो जमीन उत्पादन नहुने गाउँमा पढेलेखेका व्यक्तिहरु विदेशिनु पर्ने बाध्यता रहेको थियो भने आफ्नो जमीनमा उत्पादन भएको अन्नले वर्ष भरी खान नपुग्ने, प्राविधिक तथा आधुनिक खेतीको ज्ञान नहुनु जस्ता समस्याहरु भोग्दै आएका थिए । यसै क्रममा विश्व खाद्य संगठनको कार्यक्रमले फलफूल खेती तथा तरकारी खेती गर्न सहयोग प्राप्त भयो । फलफूलका विरुवा पाएपछि सबै किसानहरुले आ-आफ्नो जमीनमा कागती सुन्तला खेती गरे । कार्यक्रम चाडै सकिएको कारणले पुर्णता भएको थिएन । तथापी पनि कृषक समुहले बैठक निरन्तर गर्दै आई नै रह्यो ।

यसै क्रममा राष्ट्रिय कृषक समुह महासंघ, नेपालले यस गा.वि.स.लाई कार्य गर्ने थलो बनायो । सहजकर्ता नियुक्त गरी पठायो यसै क्रममा सहजकर्ता एलिजा कुमारी मगरसँग यस समुहको भेट भयो । २०७१ सालबाटै यस समुहको महासंघमा खाद्य अधिकार परियोजना संञ्चालन हुन शुरु भए पछि समुहमा नेतृत्व विकास तथा समुह परिचालन सम्वन्धि तालिम, हितकोष परिचालन सम्वन्धि तालिम र समुहको बार्षिक योजना निर्माण सम्वन्धि कार्यहरु सम्पन्न भयो । यस गाउं गांउ महासंघ बन्यो । राष्ट्रिय कृषक समुह महासंघ, नेपालले स्थानीय निकाय अन्तरगत रहेको गा.वि.स.मा १५% कृषि बजेट विनियोजनका प्रावधानहरुको बारेमा सहजकर्ताको सहजीकरणमा समुहलाई जानकारी गराउने काम भयो । कृषि बजेट विनियोजनको लागि गाउँ महासंघ तथा समुहहरुद्वारा गा.वि.स.लाई अनुरोध गरियो ।

गा.वि.स.ले पनि कृषिका लागि विनियोजन गरी दिएको बजेटबाट विरुवा खरिद तथा रोपनको लागि स्वीकृति प्रदान गर्‍यो र बजेट उपलब्ध गरायो । समुहले गा.वि.स.को १५% रकम विनियोजनका लागि गाउँ महासंघलाई भरमग्दुर सहयोग गर्ने । जसलाई बार्षिक रुपमा विनियोजन भएको कृषि वजेटबाट बेसार, अदुवा, तरकारी तथा फलफूल खेतीका लागि विरुवा खरिद गरी रोप्ने गर्दै आएका छन् । हाल समुहमा विभिन्न संघ संस्थाहरुले पहिले सहयोग गरेको विरुवाहरु कागती र सुन्तलामा लाग्ने रोग किरा नियन्त्रणका लागि सेवा केन्द्रबाट प्राविधिक सहयोग पाई उत्पादन बढेको अवस्था छ । जसको कारणले प्रति व्यक्ति बार्षिक रुपमा ५० हजार देखि १ लाखसम्म आम्दानी लिन सफल भएका छन् । कृषि सेवा केन्द्रबाट सुन्तला टिप्नका लागि हार्वेस्टीङ व्याग पाएका छन् ।

हाल समुहको मासिक वचत साँवा ब्याज गरी जम्मा ३ लाख जम्मा रहेको छ । यस समुहका सदस्यहरुको सक्रिय सहभागिता र राष्ट्रिय कृषक समुह महासंघ, नेपालका सहजकर्ता देवराज खनालको सहजीकरण र सहयोगमा सपनावती कृषक समुहलाई कृषि सहकारीमा दर्ता गर्नको लागि निकै संघर्ष गरी "सपनावती कृषि सहकारी संस्था लि." डिभिजन सहकारी कार्यालय, उदयपुरमा दर्ता गर्न सफल भएका छन् । यस समुहलाई सहकारी बनाउनुको मुख्य उदेश्य किसानहरुको जिवन स्तर उकास्ने, समुहका सदस्यहरुको पहुच बृद्धि गर्ने रहेको छ भने समुहमा आर्थिक तथा सामाजि सुधार गर्नका निम्ति जलवायु अनुकुलनीय खेतीका लागि अनार खेती गरी समुह तथा गाउँमा नमुना खेतीको रुपमा पहिचान गर्ने लक्ष्य यस समुह हाल सहकारीले राखेको छ ।

संकलक : देवराज खनाल
स्थानीय सहजकर्ता
लेखानी र हर्देनी, उदयपुर

# "च्याउ खेतीमा समुहको आकर्षण बढ्दै"

उदयपुर जिल्लाको कटुन्जे ववला वडा नं. ७ लेखाली टोलको मिति २०७१ असौज १ गते गठन भई जिल्ला कृषि विकास कार्यालय, उदयपुरमा विधिवत रुपमा दर्ता भएको एक नमुना कृषक समुह हो। आय आर्जनका लागि विभिन्न कार्य गर्दै आउने क्रममा हाल उनीहरु सामुहिक च्याउ खेतीतर्फ जुट्न थालेका छन्। यस समुहका सदस्यहरु आफ्नै आन्तरिक लगानीमा सामुहिक जग्गामा सामहिक भवन निर्माण गरी सामुहिक रुपमा च्याउ खेती गरेका छन्। प्रति के.जी.२००। का दरले विक्रि गरी करिव ५० हजार बरावरको आम्दानी लिन सफल भएका छन्। समुहले खेती निरन्तरताको लागि २ सय पोका च्याउको विउ पूनः लगाई निरन्तरता दिईरहेका छन्। पछिल्लो चरणमा उत्पादन गरेको च्याउबाट पनि रु.१० हजार बरावरको विक्रि वितरण गरी सकेका छन् भने दोश्रो चरणको विउबाट १ लाख सम्मको आम्दानी गर्न सकिने कुरा बताउदै आएका छन्।

राष्ट्रिय कृषक समुह महासंघ, नेपालको प्रयास र सल्लाह सुझावका कारण तथा छिमेकी माङफाङ टोलको कृषक समुहका सदस्यहरुको संगठित र सकृयता देखेर यस नमुना कृषक समुहमा पनि सबै सदस्यहरु एक हुनु पर्छ भन्ने सोचले समूहका सबै सदस्य मिलेर च्याउ खेती गरेका जसका कारण सदस्यहरुमा सकारात्मक परिवर्तन भएको कुरा समूहका अध्यक्ष श्री प्रताप राई बताउंछन्।

समुहमा यस्तो परिवर्तन हुनु पूर्व त्यस समुदायले आ-आफ्नै तरिकाबाट परिचालित भई रहेका थिए। एकातिर समुहमा सामुहिक भावनाहरु हराउदै गएका थिए भने अर्को तर्फ आर्थिक रुपमा कोही कसैसँग व्यवहार नगर्ने भएकाले एक आपसी संगठित अवस्थामा खस्किदो रुपमा बढ्दै गएको थियो। गा.वि.स.स्तरमा ववता सामुदायिक मञ्च, २०६९ नामक समुदायमा आधारित संस्थाको गठन भएको थियो। त्यसमा विभिन्न आन्तरिक कलहले गर्दा झन त्यस समुदायमा ठुलो खाडल रहेको थियो। त्यति मात्र नभई साथी साथीमा बोलचाल समेत बन्द भएको अवस्था थियो।

राष्ट्रिय कृषक समुह महासंघ, नेपालको लक्ष्य तथा उदेश्य अनुरुप सम्वन्धित निकायमा दर्तावाल कृषि तथा पशु समुहहरुको क्षमता विकास तथा हक अधिकारका लागि समुह स्तरमा विभिन्न कार्यक्रमहरु नेतृत्व विकास तथा समुह परिचालन, हितको व्यवस्थापन सम्वन्धि तालिम तथा समुहको बार्षिक कार्य योजना निर्माणका लागि गोष्ठी जस्ता क्रियाकलापहरु संञ्चालन गर्दै समुहका सदस्यहरुलाई गोलबन्द गर्ने क्रममा सदस्यहरुलाई सरोकारवाला निकायहरुको पहिचान गराई सेवा सुविधाहरुको बारेमा जानकारी दिने काम भयो। जसको फलस्वरुप यो परिणाम आयो। एक स्वारमा समूहको भनाई रहेको छ।

समुहका अध्यक्ष भन्दछन् च्याउ खेती हाम्रो लागि आम्दानीको राम्रो श्रोत भएको कारण यस व्यवसाय प्रति हामि उत्साहित भएका छौ। यसलाई बढावा दिएर उत्पादन गरि आम्दानी लिने र निरन्तरता दिने सोचमा छौ "अझ हाम्रो समुहका सदस्यहरुलाई यस च्याउ खेती सम्वन्धि विशेष किसिमको तालिम कुनै निकायबाट प्रदानका साथै आफ्नै स्थानीय निकायबाट सहज र सहुलियत मुल्यमा विउ उपलब्ध भए यो व्यवसायलाई निरन्तरता दिनमा ठुलो टेवा पुग्ने थियो" यसैले यस विषयमा सरोकारवालाहरुले सोचि किसानको उत्साहलाई टेवा गर्नु आवश्यक छ।

**संकलक** : शुभ नारायण चौधरी, सहजकर्ता
कटुन्जे ववला र मैनामैनी, उदयपुर

## "कृषक समूह कृषि सहकारीमा परिणत"

उदयपुर जिल्लाको रामपुर ठोक्सिला गा.वि.स.वडा नं. ६ रातापानीमा एउटा गरिमा कृषक समुह गठन भएको छ । योसमुह २०६३ मा स्थापना भई २०६५ साल असार २ गते जिल्ला कृषि विकास कार्यालय, उदयपुरमा दर्ता भएको थियो । औपचारिक रुपमा दर्ता भएता पनि समुहले दर्ता पश्चात कुनै पनि निकायहरुबाट सेवा सुविधाहरु नपाए पछि निष्कृय अवस्थामा रहेको थियो । विभिन्न सेवा सुविधाहरु कहाबाट के के पाईन्छ भनी जानकारी नहुनु समुह निष्कृयताको अर्को कारण रहेको थियो । समुहले हितकोषको जम्मा तथा लगानी असुलीको कार्यलाई मात्र निरन्तरता दिई रहेको अवस्थामा राष्ट्रिय कृषक समुह महासंघ, नेपालद्वारा केएर नेपालको सहयोगमा खाद्य अधिकार परियोजना रामपुर ठोक्सिला गा.वि.स.स्तरमा संचालन गर्‍यो ।

परियोजना संञ्चालन पश्चात गा.वि.स.स्तरमा राष्ट्रिय कृषक समुह महासंघ, नेपालको गाउँ महासंघको पनि गठन भयो । समुह महासंघमा आवद्धता हुदै विभिन्न कार्यक्रमहरुमा सहभागी हुदै गए । महासंघको खाद्य अधिकार परियोजना अन्तरगतका विभिन्न क्रियाकलापहरु जस्तै नेतृत्व विकास तथा समुह परिचालन तालिम, हितकोष व्यवस्थापन तालिम, पैरवी सम्वन्धि तालिम तथा समुहको बार्षिक कार्य योजना निर्माण गर्ने काममा समुह सकृय रुपले सहभागी हुदै गयो । यस्ता तालिम तथा छलफलमा सहभागी हुदै जाँदा विभिन्न निकायहरुबाट पाईने सेवा सुविधा सम्वन्धि जानकारीहरु पनि समुहका सदस्यहरुले जानकारी प्राप्त गर्दै गरे । जिल्ला कृषि विकास कार्यालय, उदयपुरले निकालेको विभिन्न कार्यक्रमहरुको सूचनाहरु महासंघको सहजकर्ता मार्फत जानकारीहरु प्राप्त गरी युवा स्वरोजगारका लागि माछा पोखरी निर्माण गर्न जिल्ला कृषि विकास कार्यालयमा फारम भर्ने काम भयो । समुहको सकृयता देखेर नै होला जिल्ला कृषि विकास कार्यालय, उदयपुरले पनि समुहलाई माछा पोखरी निर्माणको लागि कार्यक्रम प्रदान गर्ने निर्णयका कुरा पनि सहजकर्ता मार्फत जानकारी पाए ।

समूहले माछा पोखरी निर्माणको लागि कार्यक्रम पाउने जानकारी पाए पछि जग्गा भाडामा लिएर माछा पोखरी निर्माण  गर्ने काम अगाडि बढ्न थाल्यो । "माछा पोखरी निर्माण त गरियो, हाल पोखरीमा पानी नभएको कारण पानी संकलन भए पश्चात माछाको भूराहरु लगाई पोखरी संञ्चालन गर्ने छौं" समूहका सचिव देव नारायण चौधरी बताउछन् ।

यसै क्रममा राष्ट्रिय कृषक समूह महासंघबाट धेरै कूराहरु बूझ्ने, सिक्ने कूराहरुमा कृषक समूह, कृषि सहकारीको रुपमा विकास गर्न सकिदो रहेछ भन्ने कूरा थाहा पाए पश्चात कृषक समूहलाई कृषि सहकारीमा विकास (परिणत) गर्ने सपना बोकेर समूहका पदाधिकारीहरुले सकृयताका साथ विनियम र नीतिहरु तयार गरी डिभिजन सहकारी कार्यालय, उदयपूरमा लामो प्रयासका साथ दर्ता गरी संचालनमा ल्याएका छन् ।

यस सहकारीका अध्यक्ष भन्छन् "शेएर सदस्य थूप्रै छन् त्यसैले अव विस्तारै सहकारीको सानो भवन निर्माण गरी विस्तारै विस्तारै कार्यालय खडा गरेर संस्थागत विकासका लागि कर्मचारीहरु राख्ने जसको लागि तत्कालिन समयमा सहकारीका सदस्यहरुले नै भए पनि नियमित रुपमा संञ्चालन गर्ने छौं ।"

यसरी समूह हाल सहकारीले आफ्नो संस्थागत विकासको लागि गरेको प्रयासले पाएको प्रारम्भिक सफलतालाई निरन्तरता दिई दीगो संस्थागत विकास गरी सहकारीका शेएर सदस्यहरुको आर्थिक तथा सामाजिक विकासमा टेवा पूर्‍याउने लक्ष्यका साथ अगाडि बढि रहेको छ । यो नै सफलतको सिढि हूदै गएको छ ।

**संकलक : ईन्द्रादेवि राई**
**स्थानीय सहजकर्ता, रामपुर ठोक्सिला**

## ७.२ सिरहा

### संगठन नै वल हो भन्ने भनाईलाई सार्थक बनाए गाउँ महासंघले

सरहा जिल्लाको नहरारिगौल गा.वि.सको किसानहरुलाई गा.वि.स.मा कृषि बजेट आउँछ , कृषि बजेट किसानकै काममा वा कृषि कार्यमा लगाउनु पर्छ भन्ने कुरा थाहा थिएन । वि.स. २०७० सालमा रा.कृ.स. महासंघ नेपालको पहलमा गाउँ महासंघ नहरारिगौलको गठन भयो । गा.वि.स.मा पटक पटक पहल गर्दा पनि कृषि बजेट सडक निर्माण, विधुतिकरण , विद्यालयको वाल निर्माण जस्ता काममा लगाउने गरिएको थियो । रा.कृ.स.महासंघ नेपाल र केएर नेपालको साझेदारीमा संचालित खाद्य अधिकार परियोजना अर्न्तगत वि.स. २०७१ सालमा यस महासंघमा आवद्ध भएका ११ वटा कृषक समुहले समुहको वार्षिक कार्ययोजना निर्माण गरी पुष महिनामा वाडा नागरीक मञ्च मार्फत कृषि योजना गा.वि.स.मा पेश गरेको थियो । समुहहरुले निर्माण गरेका सवै योजनाहरु लाई एकिकृत योजना बनाई महासंघले प्रस्तावना पत्र निर्माण गरी ग.वि.स.मा पेश गर्दा गा.वि.स.का राजनैतिक दलका प्रतिनिधिहरुले गा.वि.स.मा कृषि बजेट आउँदैन , आएपनि महासंघलाई कृषि बजेट दिन सकिदैन । यो संस्थाले कार्यक्रम गर्न सक्दैन भनि विभिन्न शंका उपशंखा हरुको आँकलन गरे । बरु यो बजेट विधुतिकरणमा लगाउनु पर्छ भनी महासंघको विरोध गरेको गरे । त्यसपछि गाउँ महासंघले समुहका प्रतिनिधिहरु , अगुवा कृषक र गाउँका भद्रभलादमी संग स्थानीय निकायबाट उपलब्ध हुने कृषि बजेट हामीले कृषिको उत्पादन बृद्धि, बजार व्यवस्थापन, पशु पालन तथा शिविर लगायतका कृयाकलापहरुमा खर्च गर्नु पाउंनु पर्छ भनी महासंघले निरन्तर छलफल जारी राख्यो । गाउँ परिषदका दिन गाउँ महासंघका प्रतिनिधिहरु र ११ वटा समुहवाट ५० जना मध्ये ३५ जना महिला र १५ जना पुरुष सहभागी भएर गाउँ परिषदवाटै आ.व.२०७१ /२०७२ को कृषि बजेटको १५ प्रतिशत रकम मध्ये रु ८५०००। छुटयाउन सफल भए ।

यस रकमबाट महासंघले माटो ,वाली र विषदी सम्बन्धि ३ दिने तालिम र पशु शिविर आयोजना गर्‍यो । माटो ,वाली र विषदी सम्बन्धि ३ दिने तालिम वाट सिकेका कुराहरु व्यवहारमा पनि लागु गर्दै गए । रामजानकी महिला कृषक समुहका सदस्यहरु रामकुमारी नायक , अन्जु नायक र लक्ष्मी नारायण महिला कृषक समुहका प्रेम सिंह , उषा सिंह र शारदा चौधरी ले घरेलु विषदि आफै बनाएर प्रयोगमा रिन्तरता दिएका छन । जसबाट उनीहरुले लगाएको तरकारी (लौका , घिरौला फर्सी र सिमी आदी ) को उत्पादनमा वृद्धि भएको छ । घरेलु विषदी प्रयोग गरेर स्वस्थ्य र राम्रो उत्पादन भएकोमा प्रफुल्लित हुँदै रामजानकी महिला कृषक समुहको अध्यक्ष राजवती नायकले बताईन महासंघको पहलमा ल्याएको कृषि बजेटको कार्यक्रमले अब आउने दिनमा हामी महिला दिदिबहिनीहरुले विभिन्न कृषि पेशा संग सम्बन्धित तालिमहरु लिई व्यवसायिक कृषि कार्य गर्न सक्षम बन्न सक्छौं । गाउँ महासंघले गरेको यो प्रयासले यस गा.वि.स.का किसानहरुलाई कृषि पेशामा लमग्न थप उर्जा मिलेको छ । कृषि कार्य गर्न उत्प्रेरित भई उनीहरु अझ आत्म विश्वासका साथ संगठन नै वल हो भन्ने भनाईलाई सार्थक बनाएको छ । महासंघबाट बढाई दिएको चेतनाका कारण हामीले गा.वि.स.को बजेट प्राप्त गर्न सक्यौ ।

तयार गर्ने

टिकाराम

विशवकर्मा

सहजकर्ता

## “महासंघको अभियानले अग्रसर भईन कविता ”

खेतिपाती पुरानै तौरतरिका बाट गर्दै आएकी कविता महतो वि.स. २०६५ सालमा विवाह वन्धनमा बाँधि सिरहा जिल्लाको कर्जन्हा गा.विस. मा वसोवास गर्दै आएकी छिन । कविता को सानै उमेरमा बुवा आमाले विवाह गरि दिए । उनको पढने इच्छा हुदाँहुदै पनि परिवारिक जिम्मेवारी र घरायसी कामकाजको कारणले एस.एल.सी. पछिको पढाई रोकियो ।

पारिवारिक बन्धनमा बांधिएर पनि पढाईलाई निरन्तरता दिने सोच उनमा आयो । उनले सिपमुलक सिलाईकटाई तालिम लिईन । यसबाट आम्दनी जुटाई प्रवीणता प्रमाण पत्र तह पास गरी राम्रौ संग पारिवारिक गुजारा चलाउँदै आईन । घरायासी जीविका चलाउनको लागि उनको श्रीमान खाडि मुलुक साउदि अरव काम गर्न गए । त्यस पछि झन घरको काम र बाहिरको काम सबै आफैले गर्नु पर्ने जिम्मेवारी उनैलाई थपियो । आफ्नो घर छाडेर जिल्ला सदरमुकाम सम्म नदेखेकी एक छोरा र एक छोरीकी आमा कविता आफ्नो बच्चाहरुको स्कुल फि बुझाउन र श्रीमानले विदेशवाट पठाएको पैसा लिन जान सम्म पनि नसक्ने भएपछि छिमेकीको सहयोग लिनुपर्‍यो । यसबाट उनलाई आत्मग्लानी महसुस हुन थाल्यो । समाजिक रितीरिवाज तथा संस्कारले गर्दा घरकी बुहारी जतिपढे लेखे पनि घरभित्रै बस्नु पर्ने बाध्यता छ अव के गर्ने भन्ने सोच्न थालिन । एक दिन उनको छिमेकी दिदिले कृषि सेवा केन्द्र मिचै ’याको सरले कृषक समुह गठन गर्नु पर्छ भनी छलफल गर्न मलाई बोलाउनु भएको छ भनीन् । दुवैजना मिलि सेवा केन्द्र गई समुह गठनवाट हुने फाईदा र प्राप्त हुने सेवासुविधा वारे बुझी वडाका २५ जना महिलाहरु मिली सरस्वती महिला कृषक समुह गठन गरि जि.कृ.वि.का.मा दर्ता गराईन । आफु समुहको कोषाध्यक्ष पदको जिम्मेवारी लिईन । समुहलाई सक्रिताका साथ संचालन गर्दै आएकी छिन । वि.स. २०७० सालमा आएर रा.कृ.स.महासंघ नेपाल र केएर नेपालको साझेदारीमा संचालित खाद्य अधिकार परियोजना कर्जनहा गा.वि.स.मा लागु भयो । उनको समुह महासंघमा आवद्ध गराउन जिल्ला महासंघको सदस्यमा छनौट भए पछि उनको जीवनले नयाँ मोड लियो । राष्ट्रिय महासंघको केन्द्रिय सदस्य हुदै हाल उनी सचिवालय सदस्य छिन् । “उनी बताउ छिन घरवाट वाहिर निस्किन गाह्रो हूने महिला आज गाउँ महासंघ वाट जिल्ला महासंघ हूँदै केन्द्रिय महासंघको सचिवालय सदस्य बनी कृषकहरुको अधिकारका सवालहरु उठाउन थालेको छू ” । म छोरा छोरीको फि बूझाउन घर बाट करिव ९ कि.मी. दूरीमा रहेको मिर्चैया स्कूल सम्म पूग्न नसक्ने महिला काठमाण्डौं एक्लै जान आउँन सक्ने भएकी छू । साथै उनले जि.कृ. वि.कार्यालय र महासंघको समन्वयमा ५१ दिने अगूवा कृषक तालिम झूम्का सून्सरीवाट लिई ग.वि.स.मा रहेका अन्य कृषक समूहका दिदिवहिनीहरुलाई अगाडी बढाउन समूहहरुमा गएर सहजीकरण गर्न थालेकी छिन् । उनी आफनो जीवनमा आएको परिवर्तन प्रति आज धेरै खूशि भएकी छिन । उनी जस्तै घरभित्र बस्न बाध्यभएकी अरु महिला दिदिबहिनीहरुको जीवनमा परिवर्तन ल्याई आफनो अधिकार लिन सक्षम बनाउने अभियानमा निरन्त लाग्ने उनको अठोट छ ।

**सुप्रिमाकार्की**

**सहजकर्ता**

## ७.३ ओखलढुङ्गा जिल्ला

# जिल्ला भरिकै नमुना महिला बन्न सफल राधा

तलुवा गा वि स वडा नं १ उपलटार निवासी राधा निरौलाको जन्म २०३२ साल माघ २४ गते सुनसरी को मधुबनीमा भएको हो । निजको परिवारमा श्रीमान २ छोरा २ छोरी र १ आमाजु गरी ७ जनाको परिवार रहेको छ । २०४७ सालमा १५ वर्षको किशोरावस्थामा नै विवाह गरेको राधाको ६वर्ष सम्म इटहरीमै बसोवास भयो । त्यसपछि तलुवा आउनु भएकी राधाको त्यतिबेलाको समयमा बुहारी को जिवन बिताउदै जानभयो । त्यसपछि ५५ सालतिर गाउकै अखिल नेपाल महिला संघमा संगठित हुनुभएकि राधा समय समय मा बैठकमा जाँदा घरपरिवार तथा छिमेकिका तुच्छ वाँणी खेप्न पर्‍यो । आइमाइको घर लोग्नेको थर हो घर मा बसेर ब्यवहार चलाउन पर्छ, बैठकमा जाने लोग्ने मान्छेले मात्र हो भन्थे परिवारका ठलाबडा सदश्य र गाँउका टाठाबाठा भनाउँदाहरु । त्यति मात्र हैन आफ्नो लोग्ने सोझो र लाछी भएर हेपेकी भन्दै खिसि टिउरी गर्दै हाँसोको पात्र बनाउने गर्थे भन्नुहुन्छ राधा । त्यो खिसि टिउरिले आफुलाई निरास हैन केहि गरेर देखाउने प्रेरणा मिल्यो भन्नुहुन्छ राधा । प्रेरणा त मिल्यो गरेर त देखाउने तर के गरेर देखाउने भनेर आफ्नो घर खेती घर परिवालाई ब्यवस्थापन गर्दै समय निकाल्दै गाउंका कृषक समह, महिला समूहका भेला तथा बैठक देखी राजनैतिक दलका महिला संघका बैठकहरुमा जाँदै नियम कानुन् तथा अधिकारका कुराहरु बुझ्ने अवसर पाएको बताउनु हुन्छ राधा ।

२०६९ साल फागुनमा राष्ट्रिय कृषक समूह महासंघको जिल्ला अबिधेशन पछाडी कोषाध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएकी राधाको पहुच गाँउ बाट जिल्लास्तरमा सर्न पुगेको हो । महासंघका जिल्ला समितिका बैठकहरुमा भाग लिदै केन्द्रिय महाधिबेशन तथा राष्ट्रिय परिषदका बैठकहरु म भाग लिने र महासंघले आयोजना गरेका तालिमहरुमा भाग लिनाले गर्दा कृषकहरुले पाउने हक अधिकार तथा सेवा सुबिधाको कुरा जानकारी पाएको बताउनहन्छ । त्यसैगरी जव नितिनियमको वारेमा थाहा पाइयो केहिगर्न सकिन्छ भन्ने प्रेरणाा ले उपल्टार बाखापालन कृषक समूह गठन गरी त्यसको अध्यक्ष हुनुभयो । त्यसपछि जिल्ला पशु सेवा कार्यलयमा समन्वय गरी समुहका सदश्यहरुले बाखापालनका लागी खोारबनाउन भनी वाँहाकै अगुवाइमा ४३०००० रुपैंया ल्याएर समुहका सदश्यहरुको खोर निर्माणा का लागी नेतृत्व दिन सफल हुनुभयो । वाँहाँ अध्यक्ष हनुभएकै दखिनकाली महिला कृषक समूहको पहलमा र वाहाँको नेतृत्वमा जिल्ला कृषि बिकास कार्यलय बाट रु ६३५००० गाँउमा गड्यौले मल बनाउन ल्याउनका लागी सफल हनभयो । त्यसै गरी जि वि स बाट महिलाका लागी भनेर दखिनकाली महिला कृषक समूहकै नाममा महिला सशक्तिकरण तथा चेतनामूलक कार्यक्रम गर्न भनी १८७००० योजना पार्न सफल हुनुभयो । त्यसका साथै जिल्ला कृषि बिकास कार्यलय मार्फतनै उहाँकै दखिनकाली महिला कृषक समूहको पहलमा साना सिन्चाइ कार्यक्रममा प्लाष्टिक पोखरी निर्माण गरि गाँउमा ८ वटा पोखरी निर्माण तथा नया सिन्चाई प्रबिधिको बिकास गर्न सफल हुनुभयो ।

अहिले हिजोको समयमा खिसि टिउरी गर्ने मान्छेहरु राधालाई जिल्लाका बैठकहरुमा जाँदाखेरी भाग लिदाखेरी भित्र भित्र लाज मान्दै आफुले गल्ति गरेको महसुस गर्नथाले । त्यतिमात्र हैन अहिले गाउँमा कुनै बिकासका योजना ल्याउन पर्‍योभने राधालाइ नै भन्न आउछन् गाउँलेहरु । जिल्लामा पहुँच देखेरै तिन पिप्ले नि मा वि तलुवा २ को बिद्यालय ब्यवस्थापन समितिको अध्यक्ष समेत बनाइयो र वाँहाँ ब्यवस्थापन समितिमा

भइसकेपछि जलाधर कार्यलय बाट जाली ल्यायी घेराबेरा लाउने तथा बिभिन्न ब्यक्तिहरु संग समन्वय गरेर रु १००००० त्यसै बिद्यालयका नाममा ल्याउन सफल हुनुभयो । अहिले वाहाँ जिल्ला भरिमै बि ब्य स अध्यक्ष हुने महिलामा अपबादमा पर्नं हुन्छ । हाल जुनसकै समितिको नेतृत्वको कुरा आउने बित्तिकै राधाकै नाम लिन्छन गाउलेहरु अहिले छोरा छोरी श्रीमानको नामले हैन राधाको नामले चिन्छन् गाँउलेहरु । हाल पहिले को भन्दा ठिक उल्टो पूरुषको घर तथा महिलाको थर बनाउन सफल हूनुभयो राधा ।

सामाजिक रुपमा मात्र हैन अकबरे खुर्सानी देखी लिएर बाख्रापालन गड्यौली मल बनाएर साना सिन्चाइ बाट प्लास्टिक पोखरीमा पानी जम्मा गरेर तरकारी खेती समेत गरी घर तथा गाँउको आयआर्जनमा टेवा पुर्‍याउनुभएको छ । वाँहाको घरको आम्दानीको श्रोत बाट छोराछोरीलाई राम्रो संग शिक्षादिक्षा दिलाउन सफल हुनुभएको छ । सामाजिक तथा आर्थिक रुपमा महिला त्यसमाथी नपढेका महिला हरुले केहि गर्न सक्दैनन् भन्ने कुरालाई झुटा साबित गरिदिनु भएको छ र जिल्ला भरिकै नमुना महिलाको रुपमा बिकास हुनु भएको छ राधा । धेरै ठाँउका तारे होटेलमा महिला अधिकारको भाषण गरेर महिलाको बिकास गर्ने महिलाबादी संघसंस्था र ब्यक्तिहरुले राधा निरौलाको सफलतालाई हेरी महिला सशक्तिकरणको कुरा देशका अन्य ठाँउमा पनि कार्यन्वयन गर्न सक्ने थिए ।

**संकलक::सरिता लुइटेल,सहजकर्ता**

## बांझो जमिनको उपयोगको लागि सार्थक अलैची खेती

ओखलढुंगा जिल्लाको विलन्दु गा.वि.स. मा रहेको पात्ले भडारे कृषक समूह राष्ट्रिय कृषक समूह महासंघ नेपाल जिल्ला ओखलढुंगा को सहयोगमा मिति २०७१ साल माघ ८ गते जिल्ला कृषि कार्यालय ओखलढुंगामा दर्ता भई विधान बमोजिम कृषकहरु नियमित बैठक बस्ने र हितकोष र कम उठाउने र कृषिको विकास कसरी गर्न सकिन्छ भन्ने विषयमा जुटेको छ ।

राष्ट्रिय कृषक समूह महासंघ नेपालको सहयोगमा वार्षिक कार्ययोजना निर्माण, नेतृत्व विकास सम्बन्धी तालिम, छलफलमा सहभागी भई अध्यक्ष वेद बहादुर नेपाली कृषि र कृषकका समस्या छलफल गरी समाधान गरेको बताउछन् ।

मिति २०७१ सालको गाऊँ परिषद्मा कृषकको मागलाई सम्बोधन गराउनेका लागि परीषदमा आवाज उठाई कृषि सम्बन्धी बजेट छुट्याउन पहल गरेका हुन ।

ओखलढुंगा जिल्ला विलन्दु गा.वि.स. प्राकृतिक रुपले सौन्दर्यका साथै प्राकृतिक धनी भन्न सकिने उनीहरु बताउँछन् । अलैचीको माग प्रतिकेजी २००० को दरले लिन घर घरमा नै आएपछि पात्ले भडारे कृषक समूहले अलैची रोपी उत्पादन बढाउनको लागि अलैची रोप्न सुरु गरेका छन् ।

मिति २०७२ साल आश्विन १६ गते बसेको वार्षिक कार्ययोजना को बैठकमा सहजकर्ता बेदा बस्नेतको सहयोगमा बनाएको कार्ययोजना निर्माण एवम् गा.वि.स. र अलैची लगाउने निर्णय भएको थियो ।

प्रति व्यक्ति ३० वटा विरुवा लगाउने निर्णय भएपछि विरुवा किन्नको लागि गा.वि.स. बाट १००००।- (दश हजार) कृषि बजेट सहयोग पाएपछि १००० वटा विरुवा स्थानीय स्तरको किनेर अलैची रोप्ने कार्य संचालन गरेका हुन् । बाँझो रहेको जमिनमा अलैची रोपण गरी आम्दानी लिने कार्य सुरु भएको छ ।

आफ्नो विचारमा अलैची खेती उत्तम लागेपनि अलैचीको विज विरुवा नजिक नपाउने र जिल्लाको पहुँच बाट टाढा रहेकाले प्राविधिक ज्ञान भने कमि भएको र विभिन्न संचार माध्यमले अलैचीमा रोग लागेको बताएपछि कृषकहरु प्राविधिक सहयोगको खोजिमा छन् । अलैचि खेती सम्बन्धि प्राविधिक सहयोग र स्थानीय तहमा विरुवा उत्पादन भए अलैचि खेतीले व्यवसायिहकता हासिल गर्ने थियो राज्ले दिएको जमीनको उपयोग नीतिले सार्थकता पाउने पनि थियो । समूहका सदस्यहरुको एक स्वर भएको छ । यसलाई सार्थकता दिन जरुरी छ ।

तयार गर्ने

बेदा बस्नेत

सहजकर्ता